# ECHO OF HIS CALL

ECHO OF HIS CALL
REACHING NATIONS
SINCE 1969
1969 TO 2029

# बोलावटको प्रतिध्वनि

NEPALI

India's National Spiritual Newspaper

₹ 10/-

Published monthly in ENGLISH, TAMIL, MALAYALAM, TELUGU, HINDI, KANNADA, MARATHI, BENGALI, GUJARATI, ODIYA, ASSAMESE, PUNJABI, NEPALI, URDU, SINHALA & AFRIKAN

Editor : S. SAM SELVA RAJ | 16 Languages | Associate Editors : Bro. BHUVAN DEVKOTA, Bro. RAJ KUMAR BHANDARI

Vol. XXV | YEAR OF OUR LORD JESUS CHRIST, 2025 NOVEMBER | No. 11




## पवित्र बाइबल

कृपया यो खण्ड कण्ठ गर्नुहोस्।

**भजनसंग्रह ९६:७-१३**

७. जाति-जातिका परिवार हो, परमप्रभुलाई चढाओ, परमप्रभुलाई महिमा र शक्ति चढाओ ।

८. परमप्रभुलाई उहाँको नाउँअनुसारको महिमा चढाओ, भेटी लिएर उहाँको मन्दिरमा प्रवेश गर ।

९. उहाँका पवित्रताको वैभवमा परमप्रभुलाई दण्डवत् गर, हे सारा पृथ्वी, उहाँको सामु थरथरी होओ ।

१०. जातिहरूका बीचमा भन, परमप्रभु राज्य गर्नुहुन्छ। संसार स्थिर रूपले स्थापित भएको छ, त्यसलाई हल्लाउन सकिँदैन । उहाँले मानिसहरूको न्याय निष्पक्षसाथ गर्नुहुनेछ।

११. स्वर्ग आनन्दित होस् र पृथ्वी रमाओस्, समुद्र र त्यसमा भएका सबै थोकले हर्षनाद गरून् ।

१२. खेत र त्यसमा भएका सबै कुरा उल्लसित होऊन् । तब जङ्गलमा भएका वृक्षहरू आनन्दले गाउनेछन् ।

१३. तिनीहरू परमप्रभुको सम्मुख गाउनेछन् किनकि उहाँ आउनुहुन्छ, उहाँ पृथ्वीको न्याय गर्न आउनुहुन्छ । उहाँले संसारको न्याय धार्मिकतामा र मानिसहरूको न्याय आफ्नो सत्यतामा गर्नुहुनेछ ।

## के तपाईं जागा हुनुहुन्छ वा सुतिरहनुभएको छ ?

ARE YOU AWAKE OR ASLEEP?



**बहिनी एन्जल**

हाम्रो प्रभु र बौरिउठ्नुभएको मुक्तिदाता येशू ख्रीष्टको नाउँमा म तपाईंमा अभिवादन टक्राउँछु जसले स्वर्गीय राज्यमा हरेक आत्मिक आशिष्को सायमा हामीलाई आशिष् दिनुभएको छ। यो समाचारपत्रबाट हाम्रो **बोलावटको प्रतिध्वनिको** फैलिएको परिवारसँग जोडिनु सधैं आनन्दको कुरा हो। मेरो प्रार्थना यही छ कि तपाईं आफ्नो जीवनको हरेक क्षेत्रमा समृद्ध हुनुहुनेछ, जसरी ख्रीष्ट येशूमा तपाईंको आत्मा समृद्ध हुन्छ ।

अब हामी २०२५ को अन्तिमतिर आइरहेका छौं । कति छिटो यो वर्ष बित्यो । जसै हामी पछि फर्कन्छौं, मनन गर्नुपर्ने धेरै कुराहरू छन् । म सबै जनाको निम्ति परमेश्वरलाई धन्यवाद दिन्छु, जसले फलदायी र आशिषित वर्षको अनुभव गर्नुभयो र म उहाँहरूको निम्ति प्रार्थना गर्दछु, जसले चुनौतीहरू सामना गर्नुभयो- यहाँसम्म आइपुग्नुभएको र रहनुभएको निम्ति स्याबासी । साँच्चै, परमेश्वर हाम्रो शक्ति हुनुहुन्छ ।

एउटा परिवारको रूपमा हाम्रो निम्ति विशेष गरी चुनौतीपूर्ण वर्ष रह्यो । मेरो भाइको पीडादायी गुमाइ हामीले अनुभव गर्‍यौं- मेरो अभिभावकको प्रिय छोरा र ख्रीष्टको विश्वासयोग्य सेवक । तापनि, यी सबैबाट भएर परमेश्वरको अनुग्रह हाम्रो निम्ति पर्याप्त छ । यो कठिन समयमा हामीसँगै खडा हुनुभएको र तपाईंको प्रार्थनाको निम्ति म गहरो रूपमा कृतज्ञ छु ।

बाँकी पृष्ठ ३ मा


बोलावटको प्रतिध्वनि- यूट्यूब च्यानल



## यूट्यूब ख्रीष्टियान च्यानल

**तपाईंले पा. एस. साम सेल्भाराजसँग प्रार्थना गर्ने अवसर पाउनुहुनेछ।**

**५ मिनेटको सन्देश**

**अंग्रेजी र हिन्दी, तामिल र तेलगू**

**हरेक दिन: बिहान २ बजे देखि**

**तामिल आइतवार सेवा: बिहान ८:३० बजे**

★ Please Subscribe and Share ★

बोलावटको प्रतिध्वनि - (Marching towards 60th year)
Estd. 1969



# तपाईंको प्रिय भाइबाट....

**हे परमप्रभुमा आशा राख्ने सबै जना हो, शक्तिशाली होओ अनि साहस गर** (भजनसंग्रह ३१:२४) ।



**हाम्रो मिसन नीति**

हामीले प्राचीन र प्रेरित पावलको समयको सम्झौता नगरिएको शिक्षा आधुनिक पुस्तालाई व्याख्या गर्नुपर्ने र शिक्षा दिनुपर्छ । यो आवश्यकताको घडी हो ।

HON. EDITOR-IN-CHIEF
Rev. Dr. Angeline S. Kumari, M.A., M.Sc., M.Ed.
EX MANAGING EDITOR
Pastor Alex Samson Sam, B.Th., M.Div.
GENERAL MANAGER
Bro. N. Prakasam, M.A., M.Sc.(C&P), PGDHRM, MBA.
ADMINISTRATION
Sis. Jesy Veena Sam
Adv. K. Puratchivendan, M.Com., C.A., B.L.
Dr. P.E.R. Premchand, M.Sc., M.A., M.Ed., Ph.D.
Dr. C.G.S. Baburao, B.Tech., M.Tech. (DM), Ph.D.
Dr. Rabinder Boaz, M.S. (CMC)
EDITORIAL BOARD
Dr. Serena Bevin, M.A., M.Phil., B.Ed.
Sis. Sajini Cherian
Rev. Dr. K.R. Rajasekaran
Rev. Dr. William Robert, Ph.D., DD, D.Lit.

EDITOR, PUBLISHER & PRINTER
Pastor S. SAM SELVA RAJ
Echo of His Call Printers
10, Mohammed Abdullah 2nd Street,
Chepauk, Chennai- 600 005, India.
Phone : (+ 91- 44) 2852 8282, 2852 9293, 2854 7766
Cell : (+91) 98410 71852, 98412 71858 95661 31858
E.MAIL
sam@echoofhiscall.org
biblecor@yahoo.co.in
WEBSITES
www.echoofhiscall.org
www.stpaulsmatriculation.org
YOUTUBE CHANNEL
Echo of His Call

ख्रीष्टमा प्रिय दाजुभाइ तथा दिदीबहिनी,

हाम्रो प्रभु येशू ख्रीष्टको अमूल्य नाउँलाई महिमा र आदर, जसले हामीलाई आशिष्‌को मार्गमा निरन्तर डोर्‍याउनुहुन्छ ।

विगतको महिनामा हामीले केही चुनौतीहरूको सामना गर्‍यौं- प्रकाशन गर्ने मेसीनको साथमा प्राविधिक समस्याहरू, हाम्रा सहकर्मीहरूका बीचमा स्वास्थ्यसम्बन्धी संघर्ष र अन्य अत्यावश्यक खाँचोहरू- जुन समयमा सेवकाइ धिमा भएको देखिन्थ्यो । तापनि, परमेश्वरको शक्तिशाली हातद्वारा उहाँले हरेक परीक्षालाई उहाँको महिमाको निम्ति गवाहीमा परिणत गर्नुभयो । आज, हामी नवीकरण भएको उत्कट चाहना र ताजा उत्साहको साथमा यो काम निरन्तरता दिन्छौं ।

विश्वासयोग्यतापूर्वक परिश्रम गर्ने सबैमाथि परमप्रभुको ईश्वरीय सुसज्जितपनाको निम्ति हामी तपाईंको निरन्तरको प्रार्थनाको इमानदारपूर्वक चाहना गर्दछौं: हाम्रा समर्पित मण्डलीका सेवकहरू, फिल्डका कर्मचारीहरू, छापाखानाका कर्मचारीहरू, कार्यालयको समूह, **नहेम्याह बाइबल कलेजका** कर्मचारीहरू, र **सेन्ट पावलस् मेट्रिकुलेसन स्कूलका** पढाउने र नपढाउने कर्मचारीहरू ।

हाल, हामीले समर्पित कर्मचारीहरूको अभाव सामना गरेका छौं, जसले गर्दा केही क्षेत्रहरूमा ढिलाइ भएको छ- जस्तै: हाम्रो सिनियर पास्टरको जीवनीको सम्पन्नता, आवासीय हिन्दी **नहेम्याह बाइबल कलेजको** वृद्धि, विभिन्न प्रशासनिक जिम्मेवारीहरू र समग्र मण्डलीको विकास । अवकाश प्राप्त सरकारी कर्मचारीहरू र समर्पित पूर्णकालीन सेवकहरू यो सेवकाइको बोझ बाँड्न अगाडि आऊन् भनेर तपाईंको प्रार्थनाको लागि हामी आग्रह गर्दछौं ।

यी समयमा, जब धेरै सेवकाइहरू परमेश्वरको वचनको आधारभूत सत्यताबाट अलग भइरहेका र संसारका पद्धति र प्रणालीहरूतिर ढल्किरहेका छन्, परमप्रभुले हामीमाथि कृपा देखाउनुभएको, उहाँको आत्माको ताजापना खन्याउनुभएको र उहाँको महिमाको निम्ति मिलेर सेवा गर्न हामीलाई एक गर्नुभएको होस् ।

आत्मिक लडाईंको अग्रस्थानमा उभिएका, शत्रुको किल्लाविरुद्ध तपाईंको निम्ति संघर्ष गरिरहेका सम्पूर्ण सेवकाइहरू र सेवकहरूलाई आफ्नो प्रार्थनामा उचाल्न पनि हामी तपाईंलाई आग्रह गर्दछौं ।

वास्तवमा, परमेश्वर असल हुनुहुन्छ- सदासर्वदा । आमेन ।

ख्रीष्ट येशूमा तपाईंको सेवक,

पा. एस. साम सेल्भाराज, इमेल: sam@echoofhiscall.org

Our Ministries: ECHO OF HIS CALL Monthly Magazines (16 languages) BIBLECOR - Postal Courses (3 languages) YouTube Ministry Online Courses Theological Correspondence Courses (2 languages) Church Planting Nehemiah Bible Colleges Gospel Printing Press Great Commission Partners St. Paul's Matriculation School Crusades Community Development

पृष्ठ १ बाट

गत महिना मैले हाम्रा हृदय सुरक्षित गर्ने महत्वपूर्ण विषयको बारेमा लेखेकी थिएँ, ताकि हामीले परमेश्वरको आशिष् प्राप्त गर्न सकौं । जसै मैले सुरक्षा भन्ने शब्दमा मनन



***God has placed us as watchmen over our families, our Churches, our cities, and our nations***

गरेकी थिएँ, परमेश्वरले हामीमध्ये हरेकलाई सुरक्षा गर्नको निम्ति कसरी बोलाउनुभएको छ भनेर सम्झेकी थिएँ- पहरेदार- उहाँले हामीलाई दिनुभएका हरेक थोकमाथि । इजकिएल ३:१७ मा हामीले पढ्छौं: **हे मानिसको छोरो, मैले तँलाई इस्राएलका घरानाको पहरादार तुल्याएको छु... ।** परमेश्वरले हामीलाई हाम्रा परिवार, हाम्रा मण्डली, हाम्रा सहर र हाम्रा देशमाथि पहरेदारको रूपमा राख्नुभएको छ ।

पहरेदार शान्त रहन सक्दैन । पवित्रशास्त्रले भन्दछ, **मैले तेरा पर्खालहरूमा पहरा बस्नेहरू राखेको छु, ए यरूशलेम, तिनीहरू न त दिनमा न त रातमा चूपचाप बस्नेछन् । हे परमप्रभुलाई पुकार्ने हो, विश्राम नलेओ** (यशैया ६२:६) । येशू चाँडै आउँदै हुनुहुन्छ- हामी चूप रहन सक्दैनौं ।

विश्वासयोग्य पहरेदार सावधान रहनुपर्छ- हेर्न सक्ने, सुन्न सक्ने र सानोभन्दा सानो खतरा पनि थाहा गर्न सक्ने । हामीलाई सावधान हुन, आत्मिक रूपमा जागा रहन र हामीले अगाडिको समस्या देख्दा खतराको घण्टी बजाउने बन्न बोलाइएको छ । सावधान रहनुहोस् । सचेत रहनुहोस् । के आइरहेको भन्ने कुरामा अरूलाई विश्वासयोग्य रूपमा चेतावनी दिन र तयार गरौं ।

इजकिएल ३३:६ ले हामीलाई चेतावनी दिन्छ, **हामीले अरूलाई खतराको घण्टी बजाइदिएनौं र चेतावनी दिएनौं भने त्यसको रगतको जवाफदेही हाम्रो हातमा हुनेछ ।** यर्मिया ५१:१२ ले हामीलाई जोड दिन्छ कि **गारवलाई बलियो पार । पहरा चौकी खटाओ ।**

यो जिम्मेवारी अरूलाई चेतावनी दिने बारेमा मात्रै होइन- हाम्रो आफ्नो जीवनलाई पनि सुरक्षा दिने कुरा पनि लागु हुन्छ । परमेश्वरको योजना र उद्देश्यबाट हामीलाई अलमल्याउन सक्ने अनगिन्ती अल्मल्याउने कुरा र परीक्षा छन् । हामी सावधान भएनौं भने हामी सजिलै पतन हुन सक्छौं । हामीलाई परमेश्वरका पहरादार हुन बोलाइएको छ ।

तर महत्वपूर्ण प्रश्न यस्तो छ, परमेश्वरले हामीलाई पहरा दिन बोलाउनुभएअनुसार के हामीले साँचो रूपमा पहरा दिएका छौं ?

विश्वासयोग्य पहरादारका केही मुख्य गुणहरू भनेको सचेत, जागा र जानकार रहनु हो । सचेत रहनु भनेको अर्थ सानोभन्दा सानो परिवर्तन वा चालमा पनि संवेदनशील हुनु हो ।



***We must be alert or aware of what is happening around us***

जानकार रहनु भनेको अर्थ हामीले पहरा दिएको क्षेत्रको बारेमा जान्नु हो- त्यसको सामर्थ्य, त्यसको कमजोर स्थानहरू र त्यसको सम्भावित खतराजनक स्थानहरू ।

जागा रहनु सम्भवत: सबैभन्दा महत्वपूर्ण हो किनभने हामी जागा भएनौं भने हाम्रो वरिपरि भइरेको कुराको बारेमा हामी जानकार वा सचेत हुन सक्दैनौं ।

यी अन्तिम दिनमा परमेश्वरले हामीलाई आत्मिक रूपमा सचेत रहन, जागा रहन र जानकार रहन बोलाउनुभएको छ ।

## अत्यन्तै जरुरी सूचना





निकट भविष्यमा बोलावटको प्रतिध्वनिको हुलाक वितरणमा रोक्नै नसकिने व्यवधान आउन सक्ने भएको छ । तपाईंले बिना कुनै रोकावट बोलावटको प्रतिध्वनि निरन्तर प्राप्त गरिरहन चाहना गर्नुहुन्छ भने कृपया हामीलाई तपाईंको नाम, ठेगाना, इमेल र ह्वाटसएप नम्बर पत्र, इमेल, फोन कल वा एसएमएस वा ह्वाटसएप सन्देशबाट तुरुन्तै पठाउनुहोला ।

तपाईंलाई अझ राम्रो गरी सेवा गर्न तपाईंको सहायोगले हामीलाई सहायता गर्दछ ।

**हाम्रो ठेगाना:**

**बोलावटको प्रतिध्वनि**
**10, Mohammed Abdullah 2nd Street, Chepauk, Chennai-600 005, India**
**Cell: (+91) 98412 71858 / 98410 71858 E.mail: sam@echoofhiscall.org**

## १. तर सुत्नेहरू को हुन् ?



येशूले यसको जवाफ हामीलाई मत्ती १३:१५ मा दिनुभएको छ

**किनकि यी मानिसहरूको हृदय बोधो भएको छ र तिनीहरूका कान बहिरा भएका छन् र तिनीहरूले आफ्ना आँखा बन्द गरेका छन्...**

अर्को शब्दमा, यी ती मानिसहरू हुन्, जसका हृदय कठोर भएका छन् । तिनीहरूले प्रेम, आशा र धार्मिकताको सन्देश सुनेका छन्-तापनि तिनीहरूले आफ्ना मार्ग परिवर्तन गर्न इन्कार गरे। एम्प्लिफाइड संस्करण बाइबलले




*Our hearts must hear God's voice*

भन्दछ, **तिनीहरूले आफना आँखा (बलियो गरी) बन्द गरेका छन् ।** तिनीहरूले हेर्ने चाहना गरेनन् ।

येशू ख्रीष्टले यस्ता मानिसहरूलाई यसरी वर्णन गर्नुभएको छ... **आफ्ना ओठले मलाई आदर गर्छन् तर तिनीहरूका हृदय मबाट टाढा भएका छन् ।**

हाम्रा हृदय परमेश्वरको आवाज सुन्न झुकाउँदैनौं भने हामी आत्मिक रूपमा सुतिरहेका हुन्छौं । परमेश्वरले भनिरहनुभएको कुरा हामीले सुन्न सक्दैनौं, हामीले परमेश्वरका काम देख्न सक्दैनौं भने हामी आत्मिक रूपमा सुतेका हुन्छौं र खतरामा हुन्छौं ।



*While the watchmen slept, the enemy came quietly, sowed weeds among the wheat*

## २. जब हामी सुत्छौं, के हुन्छ ?

मत्ती १३ अध्यायमा हामीले बगैंचाको मालिकको शक्तिशाली दृष्टान्त पाउँछौं, जसले आफ्नो बगैंचाको लागि असल बिऊ रोपे र त्यसको सुरक्षाको लागि आफ्ना सेवकहरूलाई सुम्पिदिए । तर पहरादारहरू सुतिरहँदा शत्रु चूपचाप आयो, गहूँको बीचमा सामा रोप्यो र कसैले थाहा पाउनुअघि नै त्यहाँबाट भाग्यो । पछि, जब बिरुवाहरू हुर्कन सुरु भयो, दुवै गहूँ र सामा सँगै हुर्किरहेको कामदारहरूले थाहा पाए ।

**तर मानिसहरू सुतेको बेला उसको शत्रु आयो र गहूँका बीच-बीचमा सामाहरू छरेर गयो** (मत्ती १३:२५) ।

## ३. सुतिरहँदा शत्रु आयो

यो पदमा हामीले गहन रूपमा मनन गरौं. तिनीहरू सुतिरहँदा शत्रु आयो । रातको समयमा को प्रवेश गऱ्यो ? **शत्रु**

पहरादारको रूपमा हामी जागा र सतर्क रहन अपेक्षा गरिएको छ । हामी आत्मिक रूपमा सुतेको क्षणमा नै हामीले सतर्कता गुमाउँछौं र हाम्रो असावधानीको क्षणको फाइदा शत्रुले लिन्छ ।

***त्यसकारण पवित्रशास्त्रले हामीलाई बारम्बार बिन्ती गर्दछ:***

**जागा रहो र प्रार्थना गर...** (मत्ती २६:४१) ।

**झुटा अगमवक्तादेखि सावधान रहो...** (मत्ती ७:१५) ।

**... जागा रहो । सावधान रहो...** (लूका १२:१५) ।

**सतर्क भएर धन्यवादसहित स्थिर भई प्रार्थनामा लागिरहो** (कलस्सी ४:२) ।

**... जागा रहो...** (मत्ती २४:४२) ।

यी सबै पदहरूले जागा र सचेत रहने आवश्यकतालाई जोड दिन्छन् । तापनि यो दृष्टान्तमा सेवकहरू सुते र त्यही समयमा शत्रुले त्यहाँ प्रवेश गरेको छ ।

प्रिय मित्रहरू, जब हामी लापरवाह बन्छौं, अलमलिन्छौं वा आत्मिक रूपमा सुत्छौं, शत्रुले सधैं हामीलाई आक्रमण गर्ने कोसिस गर्छ । त्यो हामीलाई सही समयमा लडाउन,



*Maintaining a close and consistent walk with Him*

हामीलाई अल्झाउन र हामीमाथि आक्रमण गर्न गर्जने सिंहझैं गर्जेर हिँडेको छ। त्यसकारण, हामी जागा रहनुपर्छ ।

हामी कसरी आत्मिक रूपमा जागा रहन र परमेश्वरको आवाजप्रति संवेदनशील हुन सक्छौं ? उहाँसँग घनिष्ठ र निरन्तरको हिँडाइलाई कायम राखेर । प्रभुसँग हाम्रो सम्बन्ध आधा हृदयको वा मौसमी छ भने हामीले आफैंलाई, हाम्रा परिवारहरू, हाम्रा मण्डलीहरू, हाम्रा सहरहरू वा हाम्रा देशहरूलाई जोगाउन सक्दैनौं ।

बाँकी पृष्ठ ६ मा

GREAT COMMISSION PARTNERS

ECHO OF HIS CALL MINISTRIES
SINCE 1969

# महान् आज्ञा सहयोगीहरु

बाँड्न (गलाती ६:२), सहायता (रोमी १२:१३ र गति बढाउन (२ तिमोथी १:६)

## प्रशंसा र प्रार्थनाको बुँदाः नोभेम्वर १९ देखि डिसेम्वर १८ सम्म

(कृपया यो पृष्ठ निकालेर आफ्नो बाइबलमा राख्नुहोस् र निरन्तर प्रार्थना गर्नुहोस्)



## परमेश्वरलाई प्रशंसा गरौं...

नोभेम्वर १९: हाम्रा बहुसंख्यक क्रियाकलापहरूमा सुरक्षाको साथमा आशिष्को निम्ति ।

नोभेम्वर २०: हामीप्रति उहाँको निरन्तर वास्ता र प्रेमको निम्ति ।

नोभेम्वर २१: हाम्रो छापाखानाबाट १६ वटा भाषामा हाम्रा समाचारपत्र प्रकाशन गर्न र ती मिसनको क्षेत्रमा पठाउन हामीलाई सक्षम बनाउनुभएको निम्ति ।

नोभेम्वर २२: विगतको महिनाभरि उहाँको अनग्रही अगुवाइको निम्ति ।

नोभेम्वर २३: हाम्रा फिल्ड मिसनरीहरू र उहाँका परिवारहरूमाथि आशिष् खन्याउनुभएको निम्ति ।

नोभेम्वर २४: हाम्रो मण्डली, कार्यालयमा नयाँ विश्वासीहरू थपिदिनुभएको निम्ति ।

नोभेम्वर २५: हाम्रा कर्मचारी सदस्यहरू र उहाँका परिवारहरूमाथि उहाँको आशिष्को निम्ति ।

नोभेम्वर २६: विभिन्न सेवकाइहरूबाट सुसमाचार फैलाउने हाम्रा सिनियर पास्टरको समर्पणताको निम्ति ।

नोभेम्वर २७: **बोलावटको प्रतिध्वनि सेवकाइका** हरेक क्रियाकलापमाथि उहाँको निर्देशन र आशिष्को निम्ति ।

नोभेम्वर २८: हाम्रो मुख्य मण्डली र शाखाहरूमा बाल संगतिको निम्ति धेरै बालबालिकाको साथमा हामीलाई आशिष् दिनुभएको निम्ति ।

नोभेम्वर २९: हाम्रो यूट्युब मिडिया सेवकाइबाट सुसमाचार नपुगेका क्षेत्रहरूमा सुसमाचार फैलाउन हामीलाई सहायता गर्नुभएको निम्ति ।

नोभेम्वर ३०: हाम्रा प्रार्थना साझेदारहरू, ग्राहकवर्गहरू, विश्वासका साझेदार, जीवनका साझेदारहरू, महान् आज्ञाका साझेदारहरू र उहाँका परिवारहरूमाथि उहाँको कृपा फैलाउनुभएको निम्ति ।

डिसेम्वर १: हाम्रा सहसम्पादकहरू र संयोजकहरू र उहाँका परिवारहरूमाथि उहाँको आशिष्को निम्ति ।

डिसेम्वर २: हाम्रो अस्पताल सेवकाइमा परमेश्वरको आश्चर्यकर्मको निम्ति ।

## कृपया प्रार्थना गरौं...

डिसेम्वर ४: यो पुस्ताका जवान र बालबालिकाको निम्ति मध्यस्थता गर्दै धेरै मानिसहरू **ग्लोबल भिजन फर युथ एण्ड किड केयर सेवकाइको** निम्ति हाम्रो विश्वव्यापी दर्शनमा सहभागी हुन ।

डिसेम्वर ५: हाम्रो यूट्युब मिडिया सेवकाइबाट अनगिन्ती आत्माको मुक्तिको निम्ति ।

डिसेम्वर ६: हाम्रा मुख्य मण्डली र शाखा मण्डलीहरूमा विश्वासीहरूका निम्ति ईश्वरीय सुरक्षा र सुस्वास्थ्यको निम्ति ।

डिसेम्वर ७: संसारभरि रहेका सम्पूर्ण ख्रीष्टियान सेवकाइहरूभरि ठूलो जागृतिको निम्ति ।

डिसेम्वर ८: हाम्रो सिनियर पास्टर एस. साम सेल्भाराज र उहाँको परिवारलाई हरेक दुष्टशक्तिबाट सुरक्षाको निम्ति ।

डिसेम्वर ९: हाम्रो सेवकाइको वृद्धि र सुसमाचारको विश्वव्यापी फैलावटको निम्ति ।

डिसेम्वर १०: सम्पूर्ण धर्मका बीचमा एकता र अमनको निम्ति ।

डिसेम्वर ११: विश्वव्यापी साइक्लोन र भूकम्पजस्ता प्राकृतिक विपत्तिहरूका रोकथामको निम्ति ।

डिसेम्वर १२: संसारभरि भएका वयस्कहरू र जवानहरूका बीचमा भएको आत्महत्याको क्षमता हटेको होस् ।

डिसेम्वर १३: **सेन्ट पावलस् मेट्रिकुलेसन स्कुल र नहेम्याह बाइबल कलेजहरूका** विद्यार्थीहरू र शिक्षकहरूका निम्ति ईश्वरीय सुरक्षाको निम्ति ।

डिसेम्वर १४: संसारभरि भएका पास्टरहरू र मिसनरीहरूमाथि परमेश्वरको सुरक्षाको निम्ति ।

डिसेम्वर १५: हाम्रो मुख्य मण्डली र शाखा मण्डलीहरूका सम्पूर्ण सदस्यहरूको आत्मिक र भौतिक हीतको निम्ति ।

डिसेम्वर १६: हाम्रो संस्थाको निम्ति उपयुक्त र समर्पित कर्मचारीको भर्नाको निम्ति ।

डिसेम्वर १७ हाम्रा कर्मचारी र छापाखाना टोलीलाई तिनीहरूको कामको समयमा सुरक्षित र सुस्वस्थ राख्दै तिनीहरूमाथि परमेश्वरको सुरक्षाको हातको निम्ति ।

डिसेम्वर १८: सबै देशहरूका बीचमा एकता र शान्तिको निम्ति ।

....Contd. from page 4

## ४. शब्द- बीच:

यो खण्डमा अर्को विशेष कुराचाहिँ शब्द बीच भन्ने हो । शत्रुले सामा कहाँ रोपेको थियो ? त्यहाँबाट टाढा होइन, अर्को बगैंचामा होइन तर असल बिऊको बीचमा हो । आफ्नो सामा कहिले र कहाँ रोप्ने भनेर शत्रुलाई थाहा छ- परमेश्वरले रोप्नुभएको कुराको ठीक बीचमा र वृद्धिको सोही मौसममा ।

दृष्टान्तमा मालिकको शत्रुजस्तै त्यो पनि आक्रमण गर्न सही क्षण पर्खिरहेको हुनुपर्छ भनेर म विश्वास गर्छु । बिऊहरूका बीचमा सामा हुर्किरहेको हामीले प्रायः पाउँछौं, तीबाट जीवन निसासिरहन । सामाले पोषण तान्छ, वृद्धिमा समस्या दिन्छ र स्वस्थ बोटलाई नष्ट गर्छ । ती डढेलोझैं तुरुन्तै फैलन्छ ।

सोही तरिकामा, हाम्रो जीवनमा पनि हामीले **सामा** भेट्टाउँछौं- परिवारका सदस्यहरू, मण्डलीका सदस्यहरू, मित्रहरू र सेवकाइका साझेदारहरूका बीचमा । यी सामाले हाम्रो आनन्द, शान्ति र स्वास्थ्य चोर्ने कोसिस गर्छ र त्यसले फुट र धोकाबाट सम्बन्धहरू नष्ट गर्छ । त्यसकारण, दुष्टका योजनाहरू र रणनीतिहरू पहिचान गर्न छुट्याउन सक्ने आत्मा हामीलाई आवश्यक पर्छ ।




*Thief steal our joy, peace and health*



*Be as shrewd as snakes and as innocent as doves*

फेरि पनि जब येशू ख्रीष्ट मानिसहरूसँग रहनुहुँदा पवित्रशास्त्रले भन्दछ कि उहाँलाई तिनीहरूका विचार थाहा थियो वा तिनीहरूका दुष्ट विचार थाहा थियो । पहरेदारको रूपमा हामी पनि हाम्रा वरिपरि भएकाहरूप्रति सचेत हुनुपर्छ । येशूले चेतावनी दिनुभयो, **म तिमीहरूलाई ब्वाँसाहरूका बीचमा भेडाझैं पठाइरहेछु, यसकारण तिमीहरू सर्पझैं चनाखो र ढुकुरझैं निर्दोष होओ** (मत्ती १०:१६) ।

पवित्रआत्माले हामीलाई सबै सत्यतामा डोऱ्याउनुहुन्छ । त्यसकारण, हामीलाई अगुवाइ गर्न उहाँमा निर्भर रहन र उहाँको उपस्थितिलाई हामीले बहुमूल्य ठान्नुपर्छ भन्ने कुरा महत्वपूर्ण छ । असल मानिसहरूका बीचमा सधैं खराब विचार भएका मानिसहरू सधैं हुनेछन् भन्ने कुरा हामीले बुझ्नुपर्छ- र प्रायः तिनीहरूलाई अलग गरेर बताउन सजिलो हुँदैन । धेरै पटक, यस्ता मानिसहरूले दयालु, वास्ता गर्ने र करुणाले भरिएका मानिसहरूलाई चोट पुऱ्याउँछन् । त्यसकारण, हामीले पहरा दिनुपर्छ । धोकामा नपर्नुहोस् । कसैले पनि तपाईंको फाइदा नउठाओस् ।

## ५. तिनीहरूलाई हुर्कन दिनुहोस्:

दृष्टान्तमा एउटा विशेष कुरा रहेको छ, दुवै बिऊ र सामा उस्तै देखिन सक्छन् । पद १३:२६ मा हामीले पढ्छौं कि **गहूँ र सामा सँगै हुर्कन थाले, एकै समयमा देखा पऱ्यो र उस्तै देखिन्थे ।** बाइबलका विद्वानहरूले व्याख्या गर्छन् कि यो विशेष सामाको नामा दार्नेल हो, गहूँझैं देखिने बिरुवा । दुई बीचमा सजिलै अन्योल हुन्छ ।

सेवकहरू अचम्ममा परे, मालिककहाँ गए र भनेः **...हजूर, के तपाईंले आफ्नो खेतमा असल बिऊ छर्नुभएको होइन ? त्यहाँ सामा कहाँबाट आयो** (मत्ती १३:२७) ? सुतेका सेवकहरू सामा कहाँबाट आयो भनेर अचम्ममा परे । के यो चिरपरिचितजस्तो सुनिदैन ? हामीले प्रायः कति धेरै पटक परमेश्वरलाई सोध्छौं, मेरो जीवनमा यस्तो किन भयो । यो कहाँबाट आयो ?

....Contd. to page 9

ECHO OF HIS CALL REACHING NATIONS SINCE 1968

नहेम्याह साँझको बाइबल कलेज

भर्नाको लागि छिटो गर्नुहोस् । चेपाउक र सन्थोसापुरम, Velachery चेन्नाइ

योग्यताः दश कक्षा र सोभन्दा माथि

ईश्वरशास्त्रमा डिप्लोमा & Bachelor of Theology

माध्यमः तामिल (Part Time) Hindi (Residential) (Sponsorship Available)

विगत ५६ वर्षदेखि अन्तरराष्ट्रिय खीष्टियान अगुवाहरु र सिनियर पास्टरहरुबाट पहिचान भएको

Contact : The Chairman, Nehemiah Bible College.
10, MOHAMMED ABDULLAH 2ND STREET, CHEPAUK, CHENNAI - 600 005, INDIA.
Phone : (+91-44) 2852 8282, Cell : (+91) 98410 71852 / 95661 31858
E.mail : sam@echoofhiscall.org / Website : www.echoofhiscall.org

## MAIN CHURCH PROGRAMMES

1. Prayer Service : 24 hours
2. **ECHO OF HIS CALL** - Monthly Magazines :English, Tamil, Malayalam, Telugu, Hindi, Kannada, Marathi, Gujarati, Bengali, Odiya, Nepali, Assamese, Punjabi, Urdu, Sinhala & Afrikan.
3. **BIBLECOR -** Basic Bible Courses (English, Tamil & Hindi)
4. Theological Correspondence Courses: English & Tamil
5. Nehemiah Bible Colleges (Chepauk, Santhoshapuram & Velachery)
6. Branch Churches: Santhoshapuram, Balaji Nagar & Velachery
7. Great Commission Partners (Network of Pastors)
8. Training Programmes – Seminars & Retreats
9. Crusades
10. Literature Distribution and Follow Up
11. Gospel Printing Press - Publications
12. St. Paul's Matriculation School - Village English High School
13. Sunday Schools (Chepauk) : 10.30 a.m. Sunday & (Velachery, Balaji Nagar & Santhoshapuram) 3.00 p.m. Sunday
14. **Early Morning Service : 5.30 a.m. Sunday**
15. **Preliminary Service : 8.00 a.m. Sunday**
16. **Tamil Service : 8.30 a.m. Sunday**
17. **Youth Meeting : 11.00 a.m. Sunday**
18. **Fellowship Lunch : 1.00 p.m. Sunday**
19. **Telugu Service : 4.00 p.m. Sunday**
20. **Hindi Service : 5.00 p.m. Sunday**
21. **Tamil & English Service : 6.00 p.m. Sunday**
22. Feedback Time : 7.30 p.m. Sunday
23. Women's Prayer : 5.30 p.m. Wednesday
24. Men's Prayer : 7.30 p.m. Friday
25. Discipleship Meeting : 6.00 p.m. Saturday
26. House Meetings : 6.30 p.m. Tuesday & Thursday
27. Special Holy Communion : 6.00 a.m. 1st day of each month
28. Ministers' Meeting : 5.30 p.m. First Saturday
29. Parents' Prayer : 4.00 p.m. First Sunday
30. Night Prayer : 9.30 p.m. Third Friday
31. Fasting Prayer : 9:30 a.m. Second Saturday
32. Holy Communion : Second Sunday Service
33. Youth / Kid Prayer : 10.00 p.m. daily (over phone)
34. Staff Devotion : 9.00 a.m. daily
35. Office : 9.00 a.m. to 9.00 p.m. (except Sundays)

## बोलावटको प्रतिध्वनि पत्राचार कोर्स भारतमा भएकाहरुलाई मात्र

### १. बाइबलकोर

बाइबलको आधारभूत सत्यतामा नयाँ खीष्टियानहरू र गैहूखीष्टियानहरूलाई अङ्ग्रेजी, हिन्दी र तामिल भाषामा हामीले पत्राचार कोर्स प्रस्तुत गर्छौं । तपाईंले **नयाँ जीवन – तपाईंको लागि** भन्ने शीर्षक भएको ७० पृष्ठको कोर्सको किताब पाउनुहुनेछ। तपाईंले यो कोर्स पूरा गरेपछि तपाईंलाई प्रमाणपत्र दिइनेछ। **कुनै पनि अनिवार्य शुल्कहरू यसमा लाग्नेछैन** । यो कोर्स भारतमा हुनुभएको व्यक्तिको लागि मात्र हुनेछ।

### २. ईश्वरशास्त्रीय पत्राचार कोर्स

पास्टरहरू, सुसमाचार प्रचारकहरू र खीष्टियान अगुवाहरूका लागि ईश्वरशास्त्रीय पत्राचार कोर्स भनिने आधुनिक पत्राचार शिक्षा पनि उपलब्ध छ। यसको लागि शुल्क रु. १,०००/– लाग्नेछ। १४२ पाठहरू भएको ७ वटा पुस्तकहरू उपलब्ध गराइनेछ। तपाईंले सेवकाइमा प्रमाणपत्र पाउनुहुनेछ।

**बिस्तृत जानकारीको लागि:**

**The Chairman, Nehemiah Bible College,**
Echo of His Call, **Post Box 2957**
CHEPAUK, CHENNAI - 600 005.
Ph.: (044) 2852 8282, 2852 9293, 2854 7766,
Cell : 98410 71852, 95661 31858
E.mail : biblecor@yahoo.co.in

## निःशुल्क मासिक पत्रिका बोलावटको प्रतिध्वनि प्राप्त गर्ने राम्रो अवसर

तपाईंले आफ्ना साथीहरु / आफन्तहरुका ठेगानाहरु हुलाक, पत्र, इमेल, ह्वाटसएप वा फोनबाट हामीलाई पठाउन सक्नुहुन्छ भने हामीले निःशुल्क **बोलावटको प्रतिध्वनि** मासिक पत्रिका पठाउनेछौं।

## कर छुट

भारतबाट कुनै पनि व्यक्ति वा संस्थाबाट **Echo of his Call Educational Trust** लाई आउने सहयोग चन्दाहरूमा आयकर ऐनको खण्ड ८० जी अन्तर्गत आयकरको छुट छ। यस उद्देश्यको लागि आधिकारिक रसिद जारी गरिनेछ । कृपया यस्ता सहयोग चन्दाका लागि तपाईंका डिमाण्ड ड्राफ्टहरू / चेकहरू / मनी अर्डरहरू **Echo of his Call Educational Trust** को नाउँमा लेख्नु हुन र आयकर छुट पाउनको लागि तपाईंको आधारकार्ड र प्यान पनि हामीलाई पठाउनुहोला।


| | | |
|---|---|---|
| **Account Name** | : | **ECHO OF HIS CALL EDUCATIONAL TRUST** |
| **Account Number** | : | **1023 2923 805** |
| **Bank Name** | : | **STATE BANK OF INDIA** |
| **Branch** | : | **TRIPLICANE, CHENNAI - 600 005** |
| **IFSC Code** | : | **SBIN 0000249** |
| **SWIFT Code** | : | **SBI NIN BB 455** |



# खाडलबाट दरबार

**(पास्टर एस. साम सेल्भाराजको जीवनका अनुभवहरू)**

"जसले पढ्छ, त्यसले बुझोस्" (मत्ती २४:१५)।



# मलाई पाठ सिकाएको हवाईजहाज

**लोभी मानिसले कलह मच्चाउँछ तर परमप्रभुमा भरोसा राख्ने मानिसको फलिफाप हुन्छ** (हितोपदेश २८:२५)।

सन् १९७० को दशकमा मेरो एक जना मित्रले मलाई नजारेथुपेट भन्ने सानो गाउँमा गरिब महिलाको निम्ति प्रार्थना गर्न लैजानुभएको थियो, जसलाई दुष्टले सताएको थियो। तिनी विभिन्न रोगबाट ग्रसित थिइन्, जुन डाक्टरहरूले निको पार्न सकेको थिएन। त्यो साँझको समय भएको हुनाले म त्यहाँ नै बसें र रातभरि नै तिनको निम्ति प्रार्थना गरें। परमेश्वरले अनुग्रहपूर्वक हाम्रो प्रार्थना सुन्नुभयो र तिनी आश्चर्यजनक तरिकामा निको भइन्।

अर्को बिहान म गाउँबाट निस्कें र मसँग भएको थोरै पैसाले साधारण नास्ता खाएँ। त्यसपछि मात्रै मैले याद गरें कि घर फर्कन मसँग बसभाडा थिएन। मेरो अवस्थाको बारेमा चिन्ता नगरी मैले बोकिरहेको सुसमाचारका पर्चा हातमा लिएँ र बाटोभरि ती वितरण गर्दै हिँड्न सुरु गरें। केही समयपछि म भोक र थकानले ममाथि आक्रमण गर्न थाल्यो।

तापनि पवित्र आत्माले मलाई सिधै घर जान अनुमति दिनुभएन। त्यसको साटो, उहाले मलाई पास्टर अबेद्नगोकहाँ लैजानुभयो, जसले ताम्बाराममा भएको आफ्नो मण्डली लाइफवेबाट गरिबका बीचमा सेवकाइ गरिरहनुभएको थियो। त्यो समयमा पास्टर अबेद्नगो, स्वर्गीय भाइ इम्मानुएल, चिडाम्बराममा भएको लाइफवे एसीए मण्डलीका पास्टर थोमस र भाइ पुलिक चेल्लादुराइ (हाल अमेरिकामा परमेश्वरका प्रख्यात सेवक हुनुहुन्छ) उपवास प्रार्थनामा हुनुहुन्थ्यो। जब प्रार्थना समापन भयो, पास्टर अबेद्नगोकी पत्नीले मल भोको थिएँ भनेर ध्यान दिनुभयो र दयापूर्वक मलाई खानेकुरा दिनुभयो। केही समयपछि भाइ पुलिक चेल्लादुराइ विमानस्थलमा आफ्नो डिउटीमा तुरुन्तै जानुपर्ने भएको हुनाले मलाई आफूसँगै जान निम्तो दिनुभयो। केही विमानहरूलाई अझ नजिकबाट हेर्न विमानस्थलभित्र उहाँले मलाई लैजान्छु भनेर मलाई बताउनुभयो। उहाँको विचारले मलाई उत्साहित बनाएको थियो- त्यसकारण सेवकाइको बोझबाट मैले थिचिएको महसुस गरिनँ तर त्यसको साटो केही नयाँ देख्ने कुरामा आनन्द र ताजापन पाएँ।

## विमान मर्मत भइरहेको:

विमानस्थलमा मैले एउटा विमान देखें, जसका यात्रुहरूलाई बाहिर निस्कन भनिएको थियो किनभने त्यसमा प्राविधिक समस्या भएको थियो। केही मिनेटभित्रै विशेषज्ञहरूलाई भित्र बोलाइयो र समस्यालाई समाधान गर्ने कोसिस गरिएको थियो तर तिनीहरूले सकेनन्। चाँडै नै इन्जिनियरहरूलाई अर्को स्थानबाट बोलाइए र तिनीहरूले विमानमा निरन्तर काम गरे। तिनीहरूले कसरी त्यसलाई मर्मत गर्न निरन्तर काम गरिरहेका थिए भनेर देखेर म अचम्ममा परेको थिएँ।

सोही क्रममा, केही यात्रुहरूले आफ्नो धैर्यता गुमाए। तिनीहरू मर्मत भइरहेको विमानमा यात्रा गर्नेछैनन् र त्यसको बारेमा अत्यन्तै नराम्रा कुराहरू भनेर चिच्याए।

तीन घण्टापछि, इन्जिनियरहरूले विमानलाई उडाउनको निम्ति अन्त्यमा ठीक गरे। चर्को घाममा पर्खिरहेका साना र ठूला यात्रुहरू विमानमा प्रवेश गर्न सुरु गरे। म पनि तिनीहरूकै बीचमा उभिरहेको थिएँ, यात्रुहरूले मलाई पनि प्रवेश गर्न कर गर्दा म अचम्ममा परेको थिएँ।

सोही समयमा पवित्र आत्माले विमान कसरी चलेको थियो भनेर अवलोकन गर्न मलाई चलाउनुभयो। एक पटक सोही विमानलाई उड्न अयोग्य भनेर विमान राख्ने स्थानमा बिस्तारै लगिएको थियो, त्यसपछि धावन मार्गमा गति पक्रिएको थियो। केही क्षणमा नै, त्यो ठूलो शक्तिको साथमा अघि बढेको थियो, उडान भरेको थियो र आकाशमा उडेको थियो। केही घण्टाअघि मात्रै उडान गर्न अयोग्य भएको विमान अचानक शक्तिशाली रूपमा आफ्नो मार्गमा अघि बढेको थियो।

## अनि परमेश्वरले मलाई बताउनुभयो:

मेरो छोरा साम, आज तिमीले आफैलाई त्यागिएको, निकालिको र काम नलाग्ने भाँडोको रूपमा महसुस गरेका हुन सक्छौ। तापनि, तिम्रो लक्ष्यमा पुग्न तिमीले विश्वासको लामो मार्ग हिँड्नुपर्छ। जसरी

विमानलाई मर्मत गरिएको थियो, तिमी पनि पुनर्स्थापित हुन सक्छौ र योग्यको बन्छौ । मेरो तोकिएको समयमा म तिमीलाई आशिष् दिनेछु । जसरी विमानले धेरै मानिसहरूलाई बोकेको थियो, म तिमीलाई धेरै जनाको निम्ति आशिष्को भाँडो बनाउनेछु । नडराऊ किनकि म तिमीसँग छु ।

म करिब २० किलोमिटर हिँडेर आफ्नो स्थानमा फर्कें । आज, म गवाही दिन सक्छु कि ती कठिन दिनमा प्रभुले मसँग बोल्नुभएका वचन पूरा भएका छन् ।

प्रिय मित्रहरू, कहिलेकाहीं गरिबी, विरोध वा जीवनका बोझको कारण के तपाईं थकित हुनुभएको छ ? नडराउनुहोस् । किनकि यस्तो लेखिएको छ

**अनि तिमीहरू परमप्रभुका पूजाहारी भनिनेछौ,
तिमीहरूलाई हाम्रा परमेश्वरका सेवक नाउँ दिइनेछ ।
तिमीहरूले जाति-जातिहरूका धनसम्पत्ति खानेछौ
र उनीहरूकै धनमा तिमीहरूले गर्व गर्नेछौ** (यशैया ६१:६) ।

************

पृष्ठ ६ बाट

यस्तो मलाई किन भइरहेको छ ?

मालिकले बिऊ रोप्नेबाहेक अरू केही गरेका थिएनन् भन्ने कुरा तिनीहरूले ढिलै भए पनि महसुस गरे । परमेश्वरले सधैं हाम्रो निम्ति असल गर्नुहुन्छ । ती काम हामीलाई असल नलागे पनि उहाँले माथिबाट आउने वरदान हामीलाई दिनुहुन्छः

**हरेक असल दान र हरेक सिद्ध वरदान स्वर्गबाट हो, यो वरदान ज्योतिका पिताबाट आउँछ । बदली हुने छायाजस्तो उहाँमा कुनै हेरफेर हुँदैन** (याकूब १:१७) ।



*The reply of the owner - “Let them grow”*

मालिकको जवाफ सरल थियो: तिनीहरूलाई सँगै हुर्कन देओ ।

कहिलेकाहीं, हामी अचम्ममा पर्छौं, किन परमेश्वरलाई प्रसन्न नपार्ने मानिसहरूको जीवन उहाँलाई सम्पूर्ण हृदय, मन र आत्माले सेवा गर्ने मानिसहरूभन्दा अझ धेरै आशिषित देखिन्छ । परमेश्वरको सन्तानको रूपमा मैले कष्ट सहनुपरेको छ, जबकि अरू- अनैतिक रूपमा जिए पनि- आफ्नो जीवनमा आनन्द गरेको देखिन्छ ? जवाफ प्रष्ट छ तिनीहरूलाई सँगै हुर्कन देओ ।

परमेश्वर कृपालु हुनुहुन्छ । उहाँको अनुग्रह हाम्रो कल्पनाभन्दा बाहिर फैलन्छ । उहाँले मानिसहरूलाई परिवर्तन हुन समय र अवसर दिनुहुन्छ । उहाँले धर्मी र अधर्मी दुवैमाथि सूर्य चम्काउनुहुन्छ । तर एक दिन हरेक थोकले ज्योति ल्याउनेछ- कटनीको समयमा ।

## ६. कटनीको समयमा

जब सेवकहरूले गहुँबाट सामालाई उखेल्न चाहे, मालिकले भने, हुँदैन । दुवै हुर्किँदै गर्दा कुनै स्पष्ट भिन्नता देखिएको थिएन । तापनि हामीले सम्झना राख्नुपर्छ: दुवै गहूँ र सामाले कटनीको सामना गर्नेछन्- न्यायको दिन । त्यसपछि भिन्नता प्रकट गरिनेछ किनकि हामी न्यायको सिंहासनअघि खडा भएका हुन्छौं ।

मालिकले घोषणा गरे:

**फसलको समयसम्म दुवैलाई सँगसँगै बढ्न देओ । फसलको बेलामा म कटनी गर्नेहरूलाई भन्नेछु, पहिले सामा उखेलेर जलाउनलाई बिटा बाँध तर गहूँचाहिँ मेरो ढुकुटीमा राख** (मत्ती १३:३०) ।

त्यसैले, आज हामीले आफैलाई एउटा प्रश्न सोध्नुपर्छ: कुन बिटामा हामी हुनेछौं ?

परमेश्वरले हामीलाई यति गहिरो प्रेम गर्नुहुन्छ कि अनन्त मृत्युको निम्ति बनाइने बिटामा हामीमध्ये कोही पनि नपरेको उहाँले चाहनुहुन्छ- **आगोको भट्टीमा फालिदिनेछन् । त्यहाँ मानिसहरू रुनेछन् र दाह्रा किट्नेछन्** (मत्ती १३:४२) ।

त्यसकारण, येशू ख्रीष्ट संसारमा आउनुभयो: कलवरीको क्रूसमा हाम्रा पाप, श्राप, रोग, आशाहीनता बोक्न । उहाँ हाम्रो निम्ति मर्नुभयो । उहाँले मृत्यु चाख्नुभयो । अनि किनभने मृत्युले उहाँलाई रोक्न सकेन, उहाँ तेस्रो दिनमा फेरि बौरिउठ्नुभयो कि उहाँ विजेताभन्दा धेरै हुनुहुन्छ भनेर प्रमाणित गर्नुभयो ।

उहाँले प्रतिज्ञा गर्नुभएझैं उहाँ फेरि आउनुहुनेछ- राजाहरूका राजा- संसारलाई न्याय गर्न । अनन्त विनाशबाट उम्कने एउटै मात्र मार्ग भनेको येशू ख्रीष्टलाई आफ्नो मुक्तिदाताको रूपमा स्वीकार गर्नु, आफ्नो जीवनको प्रभुको रूपमा उहाँलाई घोषणा गर्नु र उहाँको हुनु हो । बाहिर निस्के एउटै मात्र मार्ग यही हो ।

बाइबलले भन्दछ:

**तब धर्मी जनहरू आफ्ना पिताको राज्यमा सूर्यजस्ता चम्किला हुनेछन् । जसको कान छ, त्यसले सुनोस्** (मत्ती १३:४३) ।

हामी परमेश्वरको निम्ति चम्केको उहाँले चाहनुहुन्छ ।

वास्तविक प्रश्न यही हो: **के तपाईं उहाँको निम्ति चम्कने चाहना गर्नुहुन्छ ? के हामी गहूँ हौं वा सामा हौं ? के तपाईं जागा हुनुहुन्छ वा सुतिरहनुहुन्छ ?**

************

**NOTICE**

Save our mobile numbers (+91) 98410 71858, (+91) 98412 71858 (main numbers) in your mobile phones.

- Editor

Posted at "Egmore RMS Patrika Channel" RNI NO. TNNEP/2000/2841, Postal Regn. No. TN/CH/(C)/194/24-26 WPP NO. TN/PMG(CCR)/WPP-220/24-26

## Echo of His Call

**YouTube**
Please subscribe

Kindly view and subscribe our **Echo of His Call YouTube Channel** when you get time. Thanks.
- Editor

## OUR BANK DETAILS:

***1. Bank : State Bank of India***

| | |
|---|---|
| Branch | : **Triplicane, Chennai-5** |
| Name | : **S. Sam Selva Raj** |
| A/C No. | : **1023 2934 679** |
| IFSC | : **SBIN 00 00 249** |
| SWIFT CODE | : **SBI NIN BB 455** |

***2. Bank : ICICI Bank***

| | |
|---|---|
| Branch | : **Anna Salai, Chennai-6** |
| Name | : **Echo of His Call** |
| A/C No. | : **6038 0502 2319** |
| IFSC | : ICIC 000 6038 |

***3. Bank : State Bank of India***
**(This Account is for Tax Exemption for Indians only )**

| | |
|---|---|
| Branch | : **Triplicane, Chennai-5** |
| Name | : **Echo of His Call Educational Trust** |
| A/C No. | : **1023 2923 805** |
| IFSC | : **SBIN 00 00 249** |

**Google Pay: 98410 71858**
**PayPal : SAM SELVA RAJ**
*****
E.mail : sam@echoofhiscall.org

# ECHO OF HIS CALL

**Monthly magazines in 16 languages, Bible Colleges, Postal Courses, Church Planting, Village English High School, Gospel Printing Press, Crusades, Seminars, Social Services, etc.**

**Annual Subscription : Rs. 100/-** **Life Subscription : Rs. 2000/-**

The multifarious activities of **Echo of His Call Ministries** are supported by the free-will offerings and donations of God's children like you. You may support **Echo of His Call** and its activities as the Lord leads you. We need your help to send forth the Gospel to the unreached people and plant Churches.

If you would like to receive **ECHO OF HIS CALL** magazines regularly, please write to us with your e.mail Id and Cell Phone number. Whenever you change your postal or e.mail addresses, please do inform us your old and new addresses.

**Echo of His Call** is available in 16 languages in our website also. You can read them by going into the site as well as downloading them and get blessed.

Your letters, prayer requests and your financial helps (**Money Orders, Cheques or Demand Drafts, NEFT, PayPal (Sam Selva Raj, sam@echoofhiscall.org) PhonePe (98410 71858), Gpay (98410 71858), Western Union, MoneyGram, etc.**) to **ECHO OF HIS CALL** may please be sent to the address below.

Please send your **Land Phone / Mobile Phone Numbers and E.mail addresses** for updation.

Our address :
**ECHO OF HIS CALL**
10, MOHAMMED ABDULLAH 2ND STREET, CHEPAUK, CHENNAI - 600 005, INDIA
PH: (+91-44) 2852 8282, 2852 9293, 2854 7766/ Cell: (+91) 98410 71852, 95661 31858 / E.mails: sam@echoofhiscall.org / biblecor@yahoo.co.in
Websites: www.echoofhiscall.org / www.stpaulsmatriculation.org

**YOU CAN SEND YOUR DONATION ONLINE ALSO**

RNI NO. TNNEP/2000/2841
Postal Regn. No. TN/CH/(C)/194/24-26
WPP NO. TN/PMG(CCR) / WPP- 220/24-26
Date of Publication: Third week of every month
Date of Posting : 15th & 16th of every month
Posted at "Egmore RMS Patrika Channel"
on 17th NOVEMBER 2025.
If un-delivered please return to:
**ECHO OF HIS CALL (NEPALI)**
P.O. Box No. 2957,
Chepauk, Chennai - 600 005, INDIA.
Phone: (+ 91- 44) 2852 8282, 2852 9293, 2854 7766

***JESUS LOVES YOU!***

To

*GOD BLESS YOU!*

Owned and published by **S. Sam Selva Raj** from New No. 8 & 10, Old No.18 & 19, Mohammed Abdullah 2nd Street, Chepauk, Chennai-600 005 and printed by **S. Sam Selva Raj** at **Echo of His Call Printers,** New No. 8 & 10, Old No.18 & 19, Mohammed Abdullah 2nd Street, Chepauk, Chennai-600 005. Editor: **S. Sam Selva Raj.**